दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १६४ | बुटवल | २०८३ असार ०२ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday Jun 16, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

# लुम्बिनीको बजेट ३७ अर्ब ३८ करोड ४५ लाख

**प्रदेशलाई औद्योगिक हब बनाउन मदिरा र सुर्तिजन्य बाहेक उद्योगहरू दर्ता र नवीकरण निःशुल्क गर्ने बजेट वक्तव्यमा उल्लेख छ।**

**लुम्बिनी संवाददाता**
*दाङ*

लुम्बिनी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३-०८४ का लागि ३७ अर्ब ३८ करोड ४५ लाख रुपैयाँको वार्षिक बजेट प्रदेश सभामा प्रस्तुत गरेको छ। आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले सोमवार प्रदेश सभामा बजेट प्रस्तुत गरेका हुन्।

प्रस्तुत बजेटमध्ये पुँजीगततर्फ २२ अर्ब ७१ करोड ६५ लाख ४० हजार रुपैयाँ, चालुतर्फ ११ अर्ब ११ करोड २७ लाख १० हजार रुपैयाँ विनियोजन गरिएको छ। वित्तीय व्यवस्थातर्फको रकमसमेत समावेश गरी कुल बजेट ३७ अर्ब ३८ करोड ४५ लाख रुपैयाँ पुगेको हो।

चालु आर्थिक वर्ष २०८२/०८३ का लागि प्रदेश सरकारले ३८ अर्ब ९१ करोड रुपैयाँको बजेट ल्याएको थियो। उक्त बजेटमध्ये २३ अर्ब ४७ करोड रुपैयाँ पुँजीगत तथा १५ अर्ब ४३ करोड रुपैयाँ चालु खर्चतर्फ विनियोजन गरिएको थियो।

सरकारले आगामी वर्षको बजेटमार्फत प्रदेश संरचनाको सुदृढीकरण, संघीय लोकतान्त्रिक व्यवस्थाको संस्थागत विकास, प्रादेशिक अर्थतन्त्रको सबलीकरण, वित्तीय सुशासन, सार्वजनिक तथा निजी क्षेत्रको सहभागिता विस्तार र आर्थिक समृद्धिलाई मुख्य प्राथमिकतामा राखेको जनाएको छ।

'समृद्ध लुम्बिनी, खुसी नागरिक' को दीर्घकालीन सोचलाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरिएको मन्त्री कार्कीले बताए।

बजेटले संघीयताको लाभ आम नागरिकसम्म पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्दै पूर्वाधार विकासमा दायित्व भुक्तानीलाई प्राथमिकता दिएको छ। मदिराजन्य तथा सुर्तिजन्य उद्योगबाहेक अन्य उद्योग स्थापना गर्ने उद्यमीलाई पूर्ण छुट दिने व्यवस्था गरिएको छ। उद्यमशीलता प्रवर्द्धनका लागि 'उद्यम विकास कोष' स्थापना गरी स्टार्टअप तथा नवप्रवर्तन कार्यक्रम सञ्चालन गरिने भएको छ।

प्रदेश सरकारले मन्त्रालयहरूको पुनःसंरचना गरी आठ मन्त्रालयमार्फत कार्य सञ्चालन गर्ने तथा दरबन्दी पुनरावलोकन गर्ने नीति लिएको छ। डिजिटल लुम्बिनी प्रदेश कार्यक्रमलाई समेत प्राथमिकतामा राखिएको छ।

स्थानीय तहलाई वित्तीय हस्तान्तरणअन्तर्गत वित्तीय समानीकरण अनुदानमा ९६ करोड रुपैयाँ, समपुरक अनुदानमा ९८ करोड ४० लाख रुपैयाँ, विशेष अनुदानमा २० करोड रुपैयाँ तथा सशर्त अनुदानमा १ अर्ब ४१ करोड १२ लाख ५० हजार रुपैयाँ विनियोजन गरिएको छ।

कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न ४ करोड ९९ लाख रुपैयाँ तथा प्राविधिक सेवा विस्तारका लागि २ करोड ७८ लाख रुपैयाँ छुट्याइएको छ।



शिक्षा तथा सामाजिक विकासतर्फ प्राविधिक शिक्षाका लागि ११ करोड रुपैयाँ, सामुदायिक क्याम्पस तथा विद्यालयका लागि ४० करोड रुपैयाँ, शिक्षक क्षमता अभिवृद्धिका लागि १ करोड ५० लाख रुपैयाँ तथा छात्रवृत्तिका लागि ७ करोड ६० लाख रुपैयाँ विनियोजन गरिएको छ। विद्यालय दिवा खाजा कार्यक्रममा प्रतिविद्यार्थी ५ रुपैयाँ थप गर्ने व्यवस्था गरिएको छ।

बालविवाह न्यूनीकरण तथा बालविवाहमुक्त प्रदेश अभियानलाई प्रभावकारी बनाउन प्रदेशका १०९ स्थानीय तहलाई प्रतिपालिका १० लाख रुपैयाँका दरले १० करोड ९० लाख रुपैयाँ सशर्त अनुदान उपलब्ध गराइने भएको छ।

स्वास्थ्यतर्फ दुर्गम क्षेत्रमा विशेषज्ञ स्वास्थ्य सेवा विस्तारका लागि ३ करोड ५० लाख रुपैयाँ विनियोजन गरिएको छ। मृगौला प्रत्यारोपण, क्यान्सर उपचार तथा मुटुको भल्भ फेर्ने बिरामीलाई प्रतिव्यक्ति २ लाख रुपैयाँ सहयोग गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ।

युवालाई उद्यमशीलतासँग जोड्ने कार्यक्रम, खेल पूर्वाधार विकास तथा रोजगार सिर्जनामा केन्द्रित योजना सञ्चालन गरिने बजेटमा उल्लेख छ।

वन तथा वातावरणतर्फ सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइएको छ। ग्रामीण समुदायको आयआर्जन वृद्धि तथा मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि राहत र बीमा कार्यक्रम सञ्चालन गरिने भएको छ।

ग्रामीण तथा शहरी विकासतर्फ 'अधुरा गरौं पूरा' अभियानलाई निरन्तरता दिँदै ८० प्रतिशतभन्दा बढी भौतिक प्रगति हासिल गरेका आयोजनाहरू सम्पन्न गर्न ६६ करोड ६० लाख रुपैयाँ विनियोजन गरिएको छ। बसाइँसराइ न्यूनीकरण गर्न नमुना बस्ती विकास कार्यक्रम सञ्चालन गरिने तथा हुलाकी र मध्यपहाडी राजमार्ग क्षेत्रमा नयाँ बस्ती विकास कार्यक्रम अघि बढाइने भएको छ। प्रदेश राजधानी क्षेत्रको फोहर व्यवस्थापनका लागि ११ करोड रुपैयाँ विनियोजन गरिएको छ।

सिंचाइ क्षेत्रको विकास तथा विस्तारका लागि ८६ करोड ४१ लाख रुपैयाँ छुट्याइएको छ। पानीका मुहान संरक्षणलाई प्राथमिकतामा राखिएको छ।

दिगो तथा गुणस्तरीय भौतिक पूर्वाधार निर्माणलाई प्राथमिकता दिँदै गुरुयोजनामा समावेश सडक तथा राष्ट्रिय राजमार्गसँग जोडिने सडकलाई प्राथमिकतामा राखिएको छ। प्रदेश गौरवको आयोजनाअन्तर्गत रामपुर-कपुरकोट सडक निर्माणका लागि २१ करोड रुपैयाँ विनियोजन गरिएको छ। प्रदेशले निर्माण गरेका सडकहरूको छुट्टै पहिचान स्थापित गर्ने व्यवस्था समेत बजेटमा गरिएको छ।

बहुवर्षीय आयोजनाहरू सम्पन्न गर्न ४ अर्ब रुपैयाँ विनियोजन गरिएको छ। विपद् व्यवस्थापन, सूचना प्रविधि तथा डिजिटल सेवा विस्तारका कार्यक्रमलाई पनि प्राथमिकतामा राखिएको छ। लुम्बिनी पोर्टल निर्माणका लागि बजेट व्यवस्था गरिएको छ भने सदाचार नीति तर्जुमा, नीति संवाद कार्यक्रम, प्रदेश आयोजना बैंक कार्यान्वयन तथा सार्वजनिक सेवा प्रवाह सुदृढीकरणका कार्यक्रमसमेत बजेटमा समेटिएका छन्।

सरकारले सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको सहकार्यमार्फत साझा समृद्धिको लक्ष्य हासिल गर्ने तथा राष्ट्रसेवक कर्मचारीको क्षमता अभिवृद्धिमार्फत सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने नीति लिएको जनाएको छ।

## गिरीबन्धुको फाइल खोल्न एमालेको चुनौती



बुटवल। नेकपा एमालेले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रश्नकर्ता सांसदहरूलाई फाइल खोल्ने धम्की दिएको भन्दै यसमा जवाफ मागेको छ।

आइतबार प्रतिनिधिसभाको बैठक सुरु भए लगत्तै पार्टीको तर्फबाट समय लिएर बोल्दै एमाले संसदीय दलकी उपनेता पद्मा आर्यालले यो विषय उठाएकी हुन्।

बजेटमाथिको छलफलका प्रश्न गर्ने विपक्षी दलका सांसदहरूलाई लक्षित गर्दै अर्थमन्त्री वाग्लेले पुराना दलका सांसद र नेताहरूको काण्डबारे आफू जानकार रहेको र ति पनि खुल्ने बताएका थिए।

विशेषगरी करको दर हेरफेर गरिएको विषयमा प्रश्न उठाउने विपक्षी सांसदहरूको चेतनामाथि प्रश्न उठाउँदै यही जेठ २८ गते अर्थमन्त्री वाग्लेले भनेका थिए-'तपाईंहरूको काण्डबारे हामी अनभिज्ञ हो र ?,'

यसप्रति एमालेकी सचेतक अर्याललले प्रश्न उठाएकी हुन्।

'अर्थमन्त्रीले जवाफ दिँदा जे चीज बताउनुभयो धेरै नै आपत्तिजनक कुरा बताउनुभएको छ,' अर्याललले प्रश्न गरिन्- 'कसलाई लक्षित गर्नुभएको ?, फाइल खोल्ने धम्की दिनुभएको छ।'

उनले अगाडि भनेकी छन्, 'टि स्टेटको पाइल खोलियोस्। यो हार्दिक आग्रह छ। ओम्नी हुन कि वाइडबडी हुन कि के-के हुन्। ति खोलियोस्। साँचो कुरा जे हो त्यो बाहिर ल्याइयोस्।'

छानबिनले सत्य ठहरिएन भने गम्भीर आरोप लगाउनेहरू कानुनी कठघरामा उभिन तयार हुनुपर्ने पनि उनको आग्रह छ।

## समाज हिंड्ने बाटो विचारधारामै हो : पोखरेल



बुटवल। नेकपा एमालेका महासचिव शंकर पोखरेलले पपुलिजम (प्रियतावाद) र एनार्कीजम (अराजकतावाद) यथास्थितिका पक्षपोषक रहेको टिप्पणी गरेका छन्। सोमबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन्।

'पपुलिजम र एनार्कीजमले के गर्छ भन्दाखेरी तत्कालको मुद्दाहरुमा आफूलाई केन्द्रित गर्छ। समाजलाई यथास्थितिमै राखिराख्ने कुराको पैरवी गर्छ,' महासचिव पोखरेलले भने- 'यसर्थ पपुलिजम र एनार्कीजम यथास्थितिका पक्षपोषक हुन्।'

तर, उनीहरूले समाजलाई सबै कुराको समाधान आफैँ हुन् भन्नेगरी भ्रममा पार्ने उनले बताए। 'उनीहरूले समाजलाई यसरी प्रभावित पारेका हुन्छन् कि समाजका सबै समस्याको रामवाण यिनै हुन् जस्तो।'- उनले भने। नेपाली समाजमा अहिले उनीहरूले 'पुरानाले गर्न सकेनन्, हामीले गर्ने हो भन्ने भाष्य निर्माण' गरेको उनले बताए।

'समाज फेरि हिँड्ने बाटो भनेको विचारधारामै हो। समय लाग्ला।'- उनले भने। विचारधारा केन्द्रित आन्दोलनमा माहोल बनाउने काममा लाग्न उनले आग्रह गरे। त्यसको काम एमालेले गर्न सक्ने उनले बताए।

## प्रधानमन्त्रीको अभिव्यक्ति संसदको रेकर्डबाट कहिले हट्छ ?



बुटवल। श्रम संस्कृति पार्टीले सीमा विवादबारे प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)ले दिएको अभिव्यक्ति संसदीय रेकर्डबाट हट्नुपर्ने माग निरन्तर राख्दै आएको छ।

सोमबारको प्रतिनिधिसभा बैठकमा आकस्मिक समयमा बोल्दै श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले सोधे-'प्रधानमन्त्री ज्यूले दिनुभएको अभिव्यक्तिलाई संसद्को रेकर्डबाट हटाइयोस् भन्ने हाम्रो माग थियो। सभामुखज्यूले त्यो कहिले हटाउने आदेश दिनुहुन्छ होला भनेर हामी व्यग्र पर्खिरहेका छौं।'

यही जेठ १७ गते प्रधानमन्त्री बालेनले प्रतिनिधिसभाको बैठकमा सांसदहरूका प्रश्नको जवाफ दिएका थिए।

त्यसक्रममा नेपालले समेत भारतको जमिन मिचेको भनेर दिएको अभिव्यक्तिमा विपक्षी दलहरूले प्रश्न उठाउँदै आएका छन्।

## मन्त्री लम्सालको 'ठेकेदारको खुट्टा भाँच्ने' अभिव्यक्ति चौतर्फी आलोचित





बुटवल। पूर्वाधार विकास मन्त्री सुनिल लम्सालले नौबिसे-मलेखु सडकखण्डमा बिजुलीका पोल सार्ने जिम्मा पाएको ठेकेदारविरुद्ध अराजक अभिव्यक्ति दिएका छन्।

आइतबार पृथ्वी राजमार्गअन्तर्गतको नौबिसे-मलेखु सडकखण्ड अनुगमन गर्ने क्रममा मन्त्री लम्सालले ठेकेदारको 'खुट्टा भाँच्ने' सम्मको अभिव्यक्ति दिएका हुन्। मन्त्री लम्सालको सो अभिव्यक्तिको भिडियो अहिले सामाजिक सञ्जालमा भाइरल छ। 'जो यो पोलवाला हो नि बिजुलीको पोल, त्यो कन्ट्र्याक्टरलाई कहाँ छ खोजेर ल्याउनू, तेल्लाई पनि यहीँ राख्नू। घर पठाउने हैन। फेरि काम गरेन भने खुट्टा भाँच्दिनू, मतलब भएन।'- लम्सालले भनेका छन्।

उनी आइतबार नागढुंगा-मुग्लिन सडकखण्ड बिस्तारको प्रगति बुझ्न धादिङ गएका थिए। त्यसक्रममा उनले पूर्वी खण्ड (नौबिसे-मलेखु खण्ड) अनुगमनको क्रममा घाटबेसीमा सो अभिव्यक्ति दिएका हुन्।

सडक निर्माणको जिम्मा पाएका ठेकेदार प्रतिनिधि र आयोजनाका अधिकारीहरुले नेपाल विद्युत् प्राधिकरणले ठेक्का दिएको ठेकेदार कम्पनीले बिजुलीका पोल सार्न ढिलाइ गर्दा काम गर्न गाह्रो भएको जानकारी गराएका थिए। त्यसपछि मन्त्री लम्सालले पनि 'ठेकेदारको खुट्टा भाँच्ने' अभिव्यक्ति दिएको एक प्रत्यक्षदर्शीले बताए। पूर्वी खण्डमा बिजुलीका पोल सार्न नेपाल विद्युत् प्राधिकरणले सोहन कन्स्ट्रक्सनलाई जिम्मा दिएको छ।

पूर्वी खण्ड सडक आयोजनाका एक कर्मचारीका अनुसार आदमघाटदेखि मलेखुसम्म बिजुलीका ७४ वटा पोल छन्। कतै नयाँ पोल गाडे पनि पुरानो पोलमा तार यथावत छन्। 'धेरैजसो पोल सारिएका छैनन्। ती पोलमा करेन्ट प्रवाह भइरहेकाले दुर्घटनाको जोखिम छ, यो कुरा थाहा पाएपछि मन्त्रीज्यू पनि आवेशमा आएर अभिव्यक्ति दिएजस्तो लाग्यो।'- ती कर्मचारीले भने।

नागढुंगादेखि मुग्लिनसम्मको खण्डमा बिजुलीका पोल सार्न मात्रै १२ करोड रुपैयाँभन्दा बढी खर्च हुने इस्टिमेट गरिएको छ। पूर्वी खण्डमा मात्रै ६ करोड रुपैयाँभन्दा बढी खर्च लाग्ने अनुमान छ। त्यसमध्ये ५ करोड रुपैयाँ पूर्वी खण्ड आयोजनाले नेपाल विद्युत् प्राधिकरणलाई भुक्तानी गरिसकेको छ।

» बाँकी ३ पेजमा



सम्पादकीय

# धम्कीको भाषा

शासन सञ्चालनको जिम्मेवारीमा रहेकाहरू जब धम्कीको भाषा बोल्छन्, त्यसले त्रास बढाउँछ । आक्रोश जगाउँछ । दुई तिहाईको सरकारले आशा जगाउनुपर्ने हो, तर धम्कीको भाषा प्रयोग गरी त्रास बढाउने र आक्रोश बढाउने काम भएको छ। यसले अराजकता बढाएको छ। जिम्मेवार बन्नुपर्नेहरु नै गैरजिम्मेवार भएपछि समाजमा अराजकता बढ्ने स्वभाविक भयो ।

प्रधानमन्त्री बालेन्द्र साहले पटक-पटक धम्कीको भाषा बोल्दै आएका छन् । अहिले मन्त्रीहरुले त्यसलाई पछ्याउँदै छन् । चुनावताका बालेन्द्रले धनगढी पुगेर भनेका थिए-'दुई वर्षमा बन्ने बाटो २० वर्षमा पनि बन्दैन, डेढ वर्षमा बन्नुपर्ने हाम्रो एजेन्डा हो । रुखमा बाँधेर हुन्छ कि, बाटोमा सुताएर हुन्छ कि, खोरमा जाकेर हुन्छ कि बाटो बन्नु पर्छ ।' रास्वपाबाट प्रधानमन्त्रीमा प्रस्तावित उम्मेदवारले बोलेको यो भाषा विवादित बनेको थियो । बालेन शैलीमा पूर्वाधार विकास मन्त्री सुनिल लम्सालले अहिले ठेकेदारको 'खुट्टा भाँच्नु भनेर' अभिव्यक्ति दिएका छन् । आइतबार नागढुंगा-मुग्लिङ सडक योजनाको निरीक्षण क्रममा मन्त्री लम्सालले बिजुलीको पोल नसार्ने ठेकेदारको 'खुट्टा भाँच्न' निर्देशन दिएका हुन् ।

मन्त्रीजस्तो जिम्मेवार पदमा बसेर काम नगर्ने ठेकेदारको 'खुट्टा भाँच्नू' भन्ने सार्वजनिक निर्देशन दिनुले विधिको शासनको खिल्ली उडाएको छ । काम नगर्ने ठेकेदारलाई कारबाही गर्ने कानुनी प्रक्रिया छ । कानुनी प्रक्रियाअनुसार काम नगर्ने ठेकेदारको खुट्टा भाँच्ने कतै उल्लेख छैन । मन्त्री लम्सालले यसअघि पनि निर्माण व्यवसायी रमेश शर्मा र पिताम्बर बडूलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोली प्रयोग गरेर नियन्त्रणमा लिएको विषय पनि विवादित बनेको थियो ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्ले पछिल्ला दिन अशिष्ट सुनिएका छन् । मन्त्री वाग्लेले केही दिनअघि करका दरमा हेरफेर भएकोबारे प्रतिपक्षले प्रश्न गर्दा प्रश्न उठाउने सांसद र पार्टीकै काण्ड छानबिन गर्ने 'धम्की' दिएर विषयान्तर गरेका थिए । गत बिहीबार प्रतिनिधिसभामा बजेटमाथि उठेका प्रश्नको जवाफ दिँदै डा. वाग्लेले आफूलाई पनि प्रश्न गर्नेका काण्डहरूको बारेमा थाहा भएको र ती काण्ड खुल्ने चेतावनी दिएपछि उनको अभिव्यक्तिको संसद बैठकमै विपक्षीहरूले विरोध जनाइरहेका छन् ।

संसददेखि सडकसम्म प्रधानमन्त्रीदेखि मन्त्रीसम्मका अभिव्यक्तिले मुलुकलाई लयमा हिडाउने बाटो खोलेको नभई अराजकता मौलाउने मौका दिएको छ । शिष्टता, मर्यादा र अनुशासनपूर्वक अघि बढ्दा नागरिकले शासन प्रणालीप्रति अपनत्व लिन्छन्, जब शासक उग्र बन्छन्, त्यसबेला समाजमा अराजकता मौलाउँछ । अराजकताको आगो झोसेपछि निभाउन कठिन हुन्छ । लोकप्रियतावादीहरुले विधि र पद्दतीलाई लयमा हिंडाउन ध्यान दिनुको साटो विधि र पद्दतीलाई कुल्चनुले मुलुकलाई कठिन दिशातिर धकेल्ने जोखिम बढेको छ ।

# चीनको विकासबाट के सिक्ने नेपालले ?





हिरेन्द्र शाही

सही ठाउँमा आवश्यक विकास भएमा त्यसले आर्थिक विकासको ढोका खोल्छ । नेपालमा नीति र आर्थिक क्षेत्र उच्चस्तरमा चलायमान बनाउने क्षेत्रको मेल आवश्यक छ । 'एक घर एक रोजगार' नीतिका आधारमा चीनले गरिबी निवारणमा ऐतिहसिक सफलता हासिल गऱ्यो । नेपालमा पनि विभिन्न प्रदेश तथा विभिन्न स्थानमा विकासको डिपार्चर के हो ? र कसरी हुन्छ ? आदि विषयमा छलफल हुँदै आएका छन् । ती छलफलका निष्कर्ष र चीनको उच्चस्तरीय विकासलाई सरकारले ध्यान दिँदै आगामी दिनमा आवश्यक योजना समावेश गरी गति दिनु आवश्यक छ ।

सामान्यतया विकासलाई विगतको अवस्थामा भएको परिवर्तन भनेर बुझ्ने प्रचलन छ । विकासलाई हेर्ने पनि विभिन्न राजनीतिक दृष्टिकोण हुन्छन् । कस्तो विकास ? कुन वर्गका लागि विकास ? केका लागि विकास ? कसरी गर्ने विकास ? किन गर्ने विकास ? विकास गरेर के परिणाम आउँछ ? आदि विकाससम्बन्धी बहसका प्रारम्भिक तर महत्वपूर्ण प्रश्न हुन् ।

केही समयपहिले 'जिजाङ प्रोभिन्स'ले आयोजना गरेको 'चीनको उच्चस्तरीय विकास र बिआरआई देशहरू' शीर्षकमा आयोजना गरेको कार्यक्रममा चीनको उच्चस्तरीय विकासको स्थितिबारे थप बुझ्ने अवसर प्राप्त भयो । जिजाङ प्रोभिन्सको राजधानी होन्जाओलाई चिनियाँ सिलिकन भ्याली भनेर पनि चिनिने रहेछ । होन्जाओमा ठुल्ठुला अन्तर्राष्ट्रिय प्रविधि तथा एआई कम्पनी रहेछन् । 'च्याट जिपिटी'लाई मात खुवाएको 'डिपसिक'को 'हेड अफिस', अलिबाबा, युनिभ्यु, एन्टावर्क, होन्जाओ ब्रेन सेन्टर आदि पनि यहीँ रहेछन् । होन्जाओमा रहेको 'वेस्ट' लेक विश्व 'हेरिटेज साइट' रहेछ । सयौँ वर्ष लगाएर सिमेन्ट र रडको प्रयोग नगरी विशाल मानव निर्मित वेस्ट लेक भव्य रहेछ । त्यही ठाउँमा २०१६ मा 'जी-२०' समिट भएको थियो, जहाँ विश्वका शक्तिराष्ट्रका नेता भेला भएका थिए ।

**चीनको उच्चस्तरीय विकास**

चीनले आफ्नो विकासलाई उच्चस्तरीय विकासको परिभाषामा व्याख्या गरिरहेको छ । यथार्थमा के हो त उच्चस्तरीय चिनियाँ विकासको मोडेल ? विकासका लागि चीनले अपनाइरहेका मापदण्ड हेर्दा असाध्यै वातावरणमैत्री तथा दिगो विकासकेन्द्रित देखिन्छन् । सडक निर्माण गर्दा अपनाइएको हरियाली, सडक सुरक्षा, फराकिला सडक, गुणस्तरीय निर्माण, एआईमा आधारित कृषि तथा उद्योग, एआई तथा प्रविधिमा जोड, इभी गाडीको प्रवर्द्धन, ग्रामीण क्षेत्रको पुनरुत्थान, ग्रिन अर्थतन्त्र, नवप्रवर्तनमा आधारित शिक्षा, सहर र गाउँको योजनाबद्ध विकासले चिनियाँ विकास मोडेललाई प्रस्ट पार्न सघाउँछन् । मुख्य कुरा सबै क्षेत्र प्रविधिको उच्चतम प्रयोग र पूर्णतया प्रविधिको निगरानीमा हुँदा रहेछन् ।

**प्रविधिको अत्यधिक उपयोग**

गुडिरहेको गाडीमा अचानक कुनै समस्या आएमा राज्यको प्रविधियुक्त 'ब्रेन सेन्टर'मा तत्काल सूचना पुग्दो रहेछ र त्यसबाट मानवीय तथा भौतिक क्षति हुन नदिन तत्काल प्रभावकारी कदम चालिँदो रहेछ । हरपल राज्यले प्रविधिमार्फत नागरिकसम्म पहुँच पुऱ्याएको देख्दा राज्यको महत्व नागरिकका लागि कति महत्वपूर्ण छ भन्ने थाहा हुन्छ । चीनले ठुला सहरमा सहरी 'ब्रेन सेन्टर' निर्माण गरिरहेको रहेछ । तीमध्येको एक होन्जाओ ब्रेन सेन्टर जाँदा सहरभरि के भइरहेको छ, त्यहीँ बसीबसी हेर्न सकिने रहेछ । कुनै ठाउँमा दुर्घटना वा आगलागी भयो भने सबैभन्दा पहिला ब्रेन सेन्टरमा 'वार्निङ' आउँदो रहेछ । जसपश्चात् त्यहाँ तत्कालै राज्य पुग्दो रहेछ । यसरी चीनले आफ्ना नागरिकको रक्षा र सार्वजनिक सम्पत्तिको सुरक्षा गर्न उच्च प्रविधिमा आधारित डेटा सेन्टर निर्माण गरेको छ ।

**हाई स्पिड रेल सेवा**

हाई स्पिड रेल प्रविधिले त चीनको यातायात क्षेत्रमा क्रान्ति नै ल्याइदिएको रहेछ । सांघाईबाट बेइजिङ पुग्न पहिला ३० घण्टा लाग्दो रहेछ । तर, अहिले पाँच घण्टामै पुग्न सकिँदो रहेछ । यसरी विशाल चीनभरि हाई स्पिड रेल्वे प्रणालीमार्फत नागरिकलाई द्रुत सेवामा आबद्ध गराइएको रहेछ । रेल्वे स्टेसनहरू अन्तर्राष्ट्रिय हवाई टर्मिनलजस्तै भव्य बनाइएको रहेछ । एयरपोर्टहरूमा रोबर्ट एआई, डिजिटल प्रविधि र भौतिक संरचना हेर्दा चीनको विकास साँच्चै अद्भूत लाग्दो रहेछ । कुन्मिङतिरका डाँडाकाँडाभरि ठुल्ठुला विद्युत् उत्पादन गर्ने पंखा, सहर र गाउँको प्लानिङ हेर्दा कुनै वेलाको औपनिवेशिक अपमान र भोकमारीले पीडा भोगेको चीन यही हो त ? भनेर पत्याउन मुस्किल हुने रहेछ । त्यसैले, चीनको विकासलाई चामत्कारिक मान्न सकिन्छ । नेपालको प्रजातान्त्रिक र चीनको जनवादी गणतन्त्रको यात्रा १९५० वरिपरि एकै समयमा सुरु भएको थियो । तर, आजको चीनले नेपाललाई धेरै पछाडि छाडेर विश्वकै शक्तिशाली राष्ट्र बनिसकेको छ । नेपालले कठोर प्रतिज्ञा गरेर अगाडि बढ्न ढिला भइसकेको छ ।

**नागरिक र राज्यको भूमिका**

नागरिक र राज्यको भूमिकाबारे इतिहासदेखि नै बहस हुँदै आएको छ । राज्यको भूमिका एकदमै सीमित हुनुपर्छ भन्ने एकथरीको मत छ भने अर्काथरीले राज्य भनेकै जनताको जीवनरक्षाका लागि निर्माण भएकाले राज्य जनताप्रति पूर्ण उत्तरदायी हुनुपर्छ भन्ने मान्यता राख्छन् । चीनको विकासलाई हेर्दा राज्यले नागरिकका लागि कसरी कार्य गरिरहेको छ, त्यो देख्न पाइन्छ । उदारवादी विचारधाराले राज्यको भूमिका कम र निजी क्षेत्रको भूमिका बढी हुनुपर्ने मान्यता राख्छ, तर समाजवादी चीनले राज्य नागरिकप्रति जवाफदेही र जिम्मेवार हुनुपर्ने मान्यता राखेको देखिन्छ ।

**ड्रोनमार्फत् छिटो र प्रभावकारी सेवा प्रवाह**

बढ्दो सहरीकरणले गर्दा चिनियाँ सहरमा गाडीको औसत गति २५ को 'स्पिड'मा हुने रहेछ । यसको विकल्पका रूपमा तीव्र गतिका रेल सञ्चालन भइरहेका छन् भने सहरभित्र छिटो सुविधा उपलब्ध गराउन 'एन्टावर्क'ले सहरी तथा ग्रामीण क्षेत्रमा हवाई रुटको प्रयोग गरी ड्रोनमार्फत् छिटो सुविधा दिइरहेको रहेछ । जस्तै- रगतका नमूना संकलन र 'रिपोर्ट'हरू तुरुन्तै अस्पतालमा पुऱ्याउने, खानेकुरा र औषधि पनि त्यसरी नै ढुवानी गरिने व्यवस्था रहेछ । कोभिडको समयमा यस कम्पनीले अत्यधिक सेवा प्रदान गरेपछि ड्रोन प्रविधिको प्रयोग चिनियाँ सहरमा दिन-प्रतिदिन बढिरहेको रहेछ । विभिन्न प्रविधिको प्रयोग गरी चीनले सबै क्षेत्रलाई सहज बनाउने कार्य गरिरहेको पाइन्छ । प्रविधि र नवप्रवर्तनमा आधारित विकास नै उच्चस्तरीय विकासको कडी रहेछ ।

**नेपाली विकासको 'डिपार्चर'**

नेपाली जनताको विकास र समृद्धिको चाहना अधिक छ । जनताको चाहनाअनुसार विकासले 'डिपार्चर' भने लिन सकिरहेको छैन । नयाँ सरकारलाई विकासमा डिपार्चर दिने सुनौलो अवसर छ । अवसरको उपयोग हुन्छ वा पहिलेका सरकारले झैँ 'टाइम बाई' हुन्छ, त्यो भने समयक्रममा देखिँदै जानेछ । चीन हाम्रो उत्तरी छिमेकी देश हो, जसले छोटो समयमै गरेको विकासले संसारलाई चकित बनाउँदै गएको छ । छिमेकी हुनुका नाताले नेपालले त्यसको लाभ लिन सकिरहेको देखिँदैन । चीनले अगाडि सारेको 'बेल्ट एन्ड रोड इनिसिएटिभ' (बिआरई) परियोजनामार्फत निर्माण गर्न खोजेको नेपालमार्फत दक्षिण एसियाको कनेक्टिभिटीमा पनि कुनै प्रगति भएको पाइँदैन ।

चिनियाँ परियोजनामा समेत भूराजनीतिक चासो बढ्दै गएका देखिन्छन् । नेपाल विकासको महत्वपूर्ण चरणमा रहेकाले उत्तरी छिमेकी चीनको उच्चस्तरीय विकास मोडेलबाट लाभान्वित हुन सक्ने अवसर छ । नागरिकलाई सुविधा, सुरक्षा र जिम्मेवारी बहनमा चिनियाँ प्रविधि सार्थक हुन सक्छ । काठमाडौं महानगरपालिकाले होन्जाओको 'युनिभ्यु' प्राविधिक कम्पनीसँग सहकार्य गरी काठमाडौं उपत्यकाको रिङरोडमा सिसिटिभी क्यामेरा जडान गरी काम गरिरहेको छ । 'फेस रिडिङ'मा चिनियाँ प्रविधि विश्वकै अब्बल मानिन्छ । चीनमा त्यस प्रविधिको प्रयोगपछि अपराध निकै कम भएको र ज्येष्ठ नागरिक पार्कमा घुम्दाघुम्दै हराएको अवस्थामा छिट्टै भेटिने क्रम पनि उल्लेख्य रूपमा बढेको रहेछ । नेपालमा पनि ठुला सहर र अपराध बढी हुने ठाउँमा चिनियाँ प्रविधिको सहयोगमा 'फेस डिटेक्सन' जडान गरी अपराध कम गर्न सघाउ पुग्छ ।

सही ठाउँमा आवश्यक विकास भएमा त्यसले आर्थिक विकासको ढोका खोल्छ । नेपालमा नीति र आर्थिक क्षेत्र उच्चस्तरमा चलायमान बनाउने क्षेत्रको मेल आवश्यक छ । 'एक घर एक रोजगार' नीतिका आधारमा चीनले गरिबी निवारणमा ऐतिहसिक सफलता हासिल गऱ्यो । नेपालमा पनि विभिन्न प्रदेश तथा विभिन्न स्थानमा विकासको डिपार्चर के हो ? र कसरी हुन्छ ? आदि विषयमा छलफल हुँदै आएका छन् । ती छलफलका निष्कर्ष र चीनको उच्चस्तरीय विकासलाई सरकारले ध्यान दिँदै आगामी दिनमा आवश्यक योजना समावेश गरी गति दिनु आवश्यक छ ।

नयाँ पत्रिकाबाट

# शरीरमा भिटामिन बी-१२ को कमी भयो भने के हुन्छ ?

भिटामिन बी १२ हाम्रो शरीरको अत्यावश्यक पोषक तत्व हो । यसले हाम्रो रक्तकोषहरूलाई स्वस्थ राख्न, महत्वपूर्ण भूमिका खेल्छ ।

भिटामिन बी १२, जसलाई कोबालामिन पनि भनिन्छ, शरीरको स्नायु प्रणाली, रक्त निर्माण र डीएनए उत्पादनको लागि अत्यावश्यक पोषक तत्व हो ।

यसको कमी हुँदा शरीर र मानसिक स्वास्थ्यमा गम्भीर असर पर्न सक्छ । भिटामिन बी १२ को कमी समयमै पत्ता लगाएर उपचार नगरे गम्भीर जटिलता निम्तिन सक्छ ।

जब शरीरलाई पर्याप्त मात्रामा भिटामिन बी १२ प्राप्त हुँदैन वा शरीरले यसलाई राम्रोसँग अवशोषित गर्न सक्दैन, तब भिटामिन बी १२ को कमी बी १२ हुन्छ ।

भिटामिन बी १२ विशेष गरी मासु, अण्डा, माछा, दुधजस्ता पशुजन्य उत्पादनहरूमा पाइन्छ ।

यसले शरीरको रक्त कोष, स्नायु कोषलाई स्वस्थ राख्ने र डीएनएको निर्माण गर्ने महत्वपूर्ण भूमिका खेल्छ ।

**भिटामिन बी १२ को कमीका मुख्य कारणहरू**

**१. आहारको कमी**

पशुजन्य स्रोतबाट मात्रै प्राप्त हुने भएकाले शाकाहारीहरूमा भिटामिन बी १२ को कमीको जोखिम उच्च हुन्छ । शुद्ध शाकाहारी वा भेगन भोजन लिने व्यक्तिहरूमा भिटामिन बी १२ कमीको सम्भावना बढ्छ ।

**२. पाचन प्रणालीका समस्या**

ग्यास्ट्राइटिस, क्रोन्स रोग, सेलिएक डिजिज जस्ता पाचन समस्याले पेट र आन्द्राले भिटामिन बी १२ अवशोषित गर्ने क्षमता घटाउँछ ।

**३. हानिकारक रक्तअल्पता**

यो दुर्लभ अवस्थामा शरीरले इन्टेरिनिक फक्टर बनाउन छोड्छ, जुन भिटामिन बी १२ पचाउन जरुरी हुन्छ ।

**४. पेट र आन्द्राको शल्यक्रिया**

पेट वा आन्द्राको सर्जरीपछि अवशोषण प्रक्रियामा समस्या आउन सक्छ ।

**५. उमेर**

बुढ्यौलीमा पेटको अम्ल घट्छ र भिटामिन पचाउन गाह्रो हुन्छ ।

**भिटामिन बी १२ को कमीका लक्षणहरू**

भिटामिन बी१२ को कमीका लक्षणहरू विस्तारै देखिन थाल्छन् र समयसँगै गम्भीर हुन सक्छन् । यी लक्षणहरूलाई मुख्यतया तीन भागमा वर्गीकरण गर्न सकिन्छः

**लक्षणहरू**

- अत्यधिक थकान र कमजोरी
- छाला पहेँलो देखिनु
- जिब्रो दुख्ने र रातो हुने
- वाकवाकी लाग्नु वा बान्ता हुनु
- तौल घट्नु
- हातखुट्टामा सुन्निने वा झमझमाउने
- दृष्टि कमजोर हुनु
- स्मरणशक्ति कमजोर हुन थाल्नु
- हिँड्दा सन्तुलन गुम्नु
- डिप्रेसन र चिडचिडापन
- व्यवहारमा परिवर्तन
- अनावश्यक डर वा उदासी

यी लक्षणहरू देखापर्दै गएमा तुरुन्त चिकित्सकसँग परामर्श गर्नुपर्छ ।

**भिटामिन बी १२ को कमी कसरी पत्ता लगाउने ?**

भिटामिन बी १२ को कमीको निदान सामान्यतया रगत परीक्षणमार्फत गरिन्छ ।

यदि रगतमा भिटामिन बी १२ को स्तर प्रति मिलिलिटर १५० पिको ग्राम भन्दा कम छ भने चिकित्सकले भिटामिन बी १२ को कमी भएको ठहर गर्छन् ।

यहाँ भिटामिन बी१२ पाइने प्रमुख स्रोतहरू उल्लेख गरिएका छन्ः

**१. माछा तथा समुद्री स्रोतहरूमा**

माछा तथा समुद्री स्रोतहरूमा भिटामिन बी १२ प्रशस्त मात्रामा पाइन्छ ।

यी माछाहरूले शरीरलाई आवश्यक बी १२ मात्राको राम्रो आपूर्ति गर्छन् ।

**२. मासु**

जनावरको मासुमा भिटामिन बी १२ प्रशस्त हुन्छ, विशेष गरी भित्रि अङ्ग (जस्तै कलेजो) मा ।

मासु नियमित रूपमा खाने व्यक्तिमा बी १२ को कमी हुने सम्भावना कम हुन्छ ।

**३. अण्डा**

अण्डाको पहेँलो भाग मा बी १२ हुन्छ ।

हप्तामा ३-४ वटा अण्डा खाँदा आंशिक आवश्यकता पूरा गर्न सकिन्छ ।

**४. दुग्धजन्य पदार्थहरू**

दूध, दही, घ्यू र चिज जस्ता दुग्धजन्य खाद्य पदार्थहरूमा बी १२ पाइन्छ ।

शाकाहारी व्यक्तिका लागि यी महत्वपूर्ण स्रोत हुन् ।

५. फोर्टिफाइड फूड्स

केही खानेकुरा उत्पादनहरूमा अतिरिक्त बी १२ मिलाइएको हुन्छ ।

**उदाहरणहरूः**

फोर्टिफाइड ब्रेड

फोर्टिफाइड ब्रेकफास्ट सिरियल

सोया वा बदाम दूध

यी विशेषगरी शाकाहारी र भेगन व्यक्तिहरूका लागि उपयोगी छन् ।

**६. सप्लिमेन्ट्स (पूरक)**

यदि खानाबाट पर्याप्त बी १२ पाइँदैन भने, डाक्टरको सल्लाहअनुसार बी १२ सप्लिमेन्ट (ट्याब्लेट, क्याप्सुल वा इंजेक्शन) प्रयोग गर्न सकिन्छ ।

**शाकाहारीहरूको लागि विशेष सुझाव**

यदि तपाईं शुद्ध शाकाहारी हुनुहुन्छ भने, द्य१२ को प्राकृतिक स्रोतहरू सीमित हुन्छन् । त्यसैले,

**फोर्टिफाइड खानेकुरा रोज्नुस्**

बी १२ सप्लिमेन्ट नियमित सेवन गर्न डाक्टरसँग परामर्श लिनु उपयुक्त हुन्छ

भिटामिन बी १२ को कमी हुन नदिन के गर्ने ?

सन्तुलित आहार लिनुहोस्ः मासु, माछा, अण्डा, दुध, दहीजस्ता भिटामिन बी १२ युक्त खाद्यपदार्थ सेवन गर्नुहोस् ।

शाकाहारीहरूका लागिः फोर्टिफाइड ब्रेकफास्ट सिरियल, सोया दुध वा न्युट्रिशनल यीस्ट रोज्नुहोस् ।

**सप्लिमेन्ट सेवनः**

चिकित्सकको सल्लाहमा भिटामिन बी १२ सप्लिमेन्ट लिन सकिन्छ, विशेष गरी दीर्घकालीन शाकाहारीहरूले ।

नियमित स्वास्थ्य परीक्षणः जोखिममा रहेका व्यक्तिले समय-समयमा रक्त परीक्षण गराएर भिटामिन बी १२ स्तरको निगरानी गर्नुपर्छ ।

**भिटामिन बी १२ को कमीको उपचार**

**मौखिक पूरक :**

हल्का कमीमा भिटामिन बी १२ ट्याब्लेट वा क्याप्सुलबाट उपचार थालिन्छ ।

इन्जेक्सन : गम्भीर कमी वा अवशोषणमा समस्या भएकालाई मांसपेशीमा भिटामिन बी १२ इंजेक्सन दिइन्छ ।

नाक स्प्रे वा जेलः पाचन समस्या भएका व्यक्तिका लागि विकल्पस्वरूप नाकमार्फत भिटामिन बी १२ दिन सकिन्छ ।

भिटामिन बी१२ को कमी साधारण समस्या होइन ।

यसको असर शरीरको प्रत्येक अंगमा पर्न सक्छ र दीर्घकालीन समस्याहरू निम्त्याउन सक्छ ।

सही समयमा परीक्षण र उपचारले समस्या समाधान हुन्छ र पूर्ण रूपमा निको हुन सकिन्छ ।

त्यसैले लामो समयसम्म थकान, स्मरणशक्ति कमजोर, झमझमाहटजस्ता लक्षण देखिएमा तुरुन्तै चिकित्सकसँग परामर्श लिनु बुद्धिमानी हुन्छ ।

आफ्नो आहार र जीवनशैलीमा ध्यान दिई भिटामिन बी १२ को स्तर सन्तुलित राखौं र स्वस्थ जीवन बिताऔं ।

स्वास्थ्य खबरबाट

# भीरकोट नगरपालिका अकबरे खुर्सानी खेतीमा



**प्रकाश डोटेल**

*स्याङ्जा*

स्याङ्जाको भीरकोट नगरपालिकाको अगुवाइमा सयौं रोपनी जमिनमा खुर्सानी खेती गरिएको छ । नगरपालिकालाई कृषिमा आत्मनिर्भर बनाउँदै ग्रामीण अर्थतन्त्रलाई विस्तार तथा सुदृढीकरण गर्ने उद्देश्यले नगरपालिकाको अगुवाइमा १२५ रोपनी क्षेत्रफलमा खुर्सानी खेती गरिएको हो ।

नगरपालिकामा सञ्चालित विभिन्न कार्यक्रमअन्तर्गत खुर्सानी खेतीलाई प्रवर्द्धन गर्न नगरपालिकाकै अगुवाइमा खुर्सानी खेती गरिएको छ । नगरका ९ वटै वडामा २६ वटा सामूहिक नर्सरी स्थापना गरी उत्पादित एक लाख चार सय अकबरे खुर्सानी २७० जना कृषकलाई बिरुवा वितरण गरी झण्डै १२५ रोपनी क्षेत्रफलमा खेती विस्तार गरिएको छ ।

खुर्सानी खेतीबाट व्यावसायिक कृषि प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुगेको नगरपालिकाले जनाएको छ । परम्परागत खेती प्रणालीमा उत्पादनशील जमिन बाँझो रहने, जंगली जनावरको समस्या बढ्ने तथा अत्यधिक रासायनिक मल-विषादी प्रयोग हुने अवस्थाबिच नगरपालिकाले थालेको अभियानले किसानलाई उत्साह मिलेको नगर प्रमुख गोविन्द कुमार कर्माचार्यले बताए । कार्यक्रमअन्तर्गत किसानलाई अभिमुखीकरण, समूह गठन, बिउ खरिद तथा वितरण, प्राविधिक सहजीकरण गरिएको छ । त्यस्तै रोग तथा किराको व्यवस्थापन, झोलमल तथा जैविक विषादी निर्माण तालिमलगायत गतिविधि सञ्चालन गरिएको नगरपालिकाले जनाएको छ । हेफर परियोजना नेपालको अनुगमन तथा समन्वय समितिको निर्णयअनुसार एक रोपनीभन्दा बढी क्षेत्रफलमा अकबरे खुर्सानी खेती गर्ने किसानलाई मल्चिङ प्लास्टिकसमेत सहयोग गरिएको छ । कृषि क्षेत्रमा देखिएका चुनौतीलाई अवसरमा बदल्न नगरपालिकाले सञ्चालन गरेको कार्यक्रम प्रभावकारी बन्दै गएको स्थानीयले बताएका छन् ।

स्थानीयको बुझाइमा कृषि क्षेत्रमा देखिएका चुनौतीलाई अवसरमा बदल्न कार्यक्रमले सकारात्मक प्रभाव पार्न थालेको छ । स्थानीय तह, विकास साझेदार संस्था र किसानबिचको सहकार्यले बाँझो जमिनको उपयोगसँगै रोजगारी र आयआर्जन बढाउने लक्ष्यलाई थप बल पुग्ने नगर कार्यपालिका सदस्य एवं भीरकोट-७ का वडाध्यक्ष ताराप्रसाद अर्यालले विश्वास जनाए ।

स्याङ्जाको भीरकोट नगरपालिकाले यसअघि आँधीखोला किनारको बगर क्षेत्रमा व्यावसायिक तर्बुजा खेतीको परीक्षण गरेको थियो । कृषि क्षेत्रलाई विविधिकरण गर्दै किसानको आम्दानी बढाउने उद्देश्यले पहिलो चरणमा नदी किनारको जमिन प्रयोग गरी नमूना खेती थालेको थियो । हेफरको सहकार्यमा तर्बुजा खेतीको सफल परिक्षणपछि खुर्सानी खेतीमा केन्द्रित भएको नगरपालिकाले जनाइएको छ ।

नदी किनारको माटो र हावापानी तर्बुजा खेतीका लागि अनुकूल देखिएपछि परीक्षण सफल भएको छ । परिक्षण सकारात्मक देखिएसँगै तर्बुजाको व्यावसायिक उत्पादनमा विस्तार गरिएको छ । नगरपालिकाले किसानलाई बिउ, बेर्ना, कृषि उपकरण तथा प्राविधिक सहयोग उपलब्ध गराएको जनाएको छ । नगरपालिकाको-१ आँधीखोला किनार क्षेत्र, वडा नम्बर ४ को फाँट, वडा नम्बर ५ को पकान क्षेत्र र वडा नम्बर ६ को एकुवार फाँट गरी करिब २० रोपनी क्षेत्रफलमा रोपिएको तर्बुजाले उत्पादन दिएको नगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण लम्सालले जानकारी दिए ।

नगरपालिकाले तर्बुजा खेतीको सफल परिक्षणसँगै सिम्ला मिर्च, अकबरे खुर्सानी तथा बेमौसमी तरकारी उत्पादनलाई प्रोत्साहन गरिरहेको जनाएको छ । परम्परागत खेतीमा सीमित किसानलाई नगदे बालीतर्फ आकर्षित गर्दै कृषि उत्पादन बढाउने र रोजगारी सिर्जना गर्ने लक्ष्य लिइएको नगरपालिकाले जनाएको छ ।

# उपभोक्ता अधिकारसम्बन्धी सचेतना अभियान सञ्चालन



**गौरीशंकर जयसवाल**

*परासी*

पश्चिम नवलपरासीमा विद्यार्थीलाई लक्षित उपभोक्ता अधिकारसम्बन्धी सचेतना अभियान थालिएको छ । रामग्राम नगरपालिकाकाको सहयोग तथा उपभोक्ताहित संरक्षण मञ्च नवलपरासीको आयोजनामा विद्यार्थीलाई लक्षित उपभोक्ता अधिकारसम्बन्धी सचेतना थालिएको हो । विद्यार्थीमार्फत् उपभोक्ता अधिकारसम्बन्धी सचेतना दिई सामाज र अभिभावकलाई सचेत गराउने उद्देश्यले उपभोक्ता अधिकारसम्बन्धी विद्यार्थीलाई सचेना प्रदान गरिएको उपभोक्ता हित संरक्षण मञ्च नवलपरासीका उपाध्यक्ष मोहन पौडेलले जानकारी दिए । उनले नवलपरासी तीन वटा विद्यालयमाका विद्यार्थीहरूलाई उपभोक्ता अधिकारसम्बन्धी सचेतना प्रदान गरिने कार्यक्रम रहेको बताए । लिटिल एञ्जल्स मावि, पवन मावि र जनता मावि सुक्रौली विद्यालयका विद्यार्थी उपभोक्ता अधिकारसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने जानकारी उनले दिए ।

उक्त विद्यालायमा उपभोक्ता हितसंरक्षण मञ्च केन्द्रीय सदस्य रामजी ज्ञवालीले तीन दिनसम्म उपभोक्ता अधिकारसम्बन्धी सचेतना प्रशिक्षण दिने अध्यक्ष भोजराज बराकोटीले बताए ।

पहिलो दिन लिटिल एञ्जल्स माविका विद्यार्थीहरूलाई उपभोक्ता अधिकारसम्बन्धी सचेतना प्रदान गरिएको उनले जनाए ।

'विद्यार्थीलाई उपभोक्ता अधिकारका कुरा बुझायौँ, सिकायौँ भने उनीहरु आफू पनि सचेत हुन्छन्, घरपरिवार र समुदायमा पनि पुऱ्याउँछन्,' उनले भने-'प्रशिक्षणमा सम्बन्धित क्षेत्रका विज्ञ र अनुभवीले विद्यार्थीलाई सहजीकरण गर्छन् ।' हरेक नागरिक उपभोक्ता भएकाले आफ्ना अधिकारका बारेमा पहिले व्यक्ति स्वयं सचेत हुनुपर्ने अध्यक्ष बराकोटीले बताए ।

# स्याङ्जाको बिरुवामा रकम अभावले योजना प्रभावित



स्याङ्जा । स्याङ्जाको बिरुवा गाउँपालिकामा चालु आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्तावित २५४ वटा योजनामध्ये २८ योजना अलपत्र परेका छन् । संघीय सरकारले दिने समानीकरण अनुदानतर्फको रकम कटौती भएसँगै प्रस्तावितमध्येका २८ योजनाहरु अलपत्र परेका हुन् ।

समानीकरण अनुदानतर्फ ८ करोड ४६ लाख रुपैयाँ प्राप्त गर्नुपर्नेमा झण्डै दुई करोड रकम कटौती भएपछि २८ योजना अलपत्र परेको गाउँपालिकाले जनाएको छ । प्रस्तावित कुल योजनामध्ये २२६ कार्यान्वयनमा गएका छन् भने कार्यान्वयनमा गएकामध्ये १७६ वटा निर्माण सम्पन्न भएको गाउँपालिकाले जनाएको छ ।

चालु आर्थिक वर्षका लागि पुँजीगत खर्चतर्फ १३ करोड ४९ लाख विनियोजन गरिएको थियो । विनियोजित बजेटबाट २५४ वटा योजना प्रशतावित गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पर्शुराम उपाध्यायले बताए । रकम कटौतीकाबिच प्रशतावित योजनामध्ये करिब ९० प्रतिशत अर्थात् २२६ कार्यान्वयनमा गएको छ । कार्यान्वयनमा गएकामध्ये १७६ वटा अर्थात् झण्डै ८० प्रतिशत योजना हालसम्म निर्माण सम्पन्न भएको अधिकृत उपाध्यायले जनाए ।

अनुदान रकम कटौती भएपछि वडातहबाट प्रशतावित र गाउँ परिषद्बाट पारित योजनाहरु नै अलपत्र परेको गाउँपालिकाले जनाएको छ । रकम अभाव भएसँगै बढी मात्रामा सडक पूर्वाधार, पदमार्ग, खानेपानी, सिँचाइ तटबन्ध, मन्दिर तथा सार्वजनिक शौचालय निर्माणका योजनाहरु प्रभावित भएको जनाइएको छ ।

गाउँपालिकाले चालु आर्थिक वर्षमा सञ्चालन गरेका ठूला योजनामध्ये ८ वटै वडा कार्यालय जोड्ने रणनीतिक सडक निर्माण कार्यक्रम सम्पन्न भएको जनाएको छ । रणनीतिक सडक कार्यक्रमअन्तर्गत प्रत्येक वडा कार्यालयलाई सुविधायुक्त सडकले जोड्ने र उक्त सडकको उपयोगबाट ग्रामीण अर्थतन्त्रलाई आत्मनिर्भर उन्मुख बनाउँदै दिगो बनाउने गाउँपालिकाले लक्ष्य लिइएको छ ।

समानीकरण अनुदान कटौती नगरेको भए गाउँपालिकाले शतप्रतिशत योजना सम्पन्न गर्ने लक्ष्य राखेको थियो । ८ करोड ४६ लाखमध्ये झण्डै दुई करोड कटौती भएपछि झण्डै २८ वटा योजना अलपत्र परेको गाउँपालिकाका योजना शाखा प्रमुख दिपक ढुङ्गानाले बताए । उनका अनुसार विनियोजित पुँजीगत खर्चतर्फको कुल बजेटमा करिब ७ करोड खर्च हुँदा हालसम्म झण्डै ५० प्रतिशत वित्तीय प्रगति हासिल भएको छ ।

चालु वर्षमा गाउँपालिकाले सबैभन्दा बढी योजनागत रुपमा सडक स्तरोन्नतिमा बजेट विनियोजन गरेको पाइन्छ । सडकसँगै जलवायु परिवर्तन न्यूनीकरण, खानेपानी, सिँचाइ, शिक्षा, खेलकुद, तर्ले सामुदायिक स्वास्थ्य भवन, सामुदायिक विद्यालयको क्षमता अभिवृद्धि र धर्मशाला निर्माणमा मोटो रकम विनियोजन गरिएको गाउँपालिकाले जनाएको छ ।

# रक्तदान तथा निःशुल्क आँखा परीक्षण शिविर सम्पन्न



देवदह । रुपन्देहीको देवदहमा वृहत् रक्तदान तथा निःशुल्क आँखा परीक्षण शिविर सम्पन्न भएको छ । नवप्रभात महिला बचत तथा ऋण सहकारी संस्थाको १८औं स्थापना दिवसको अवसरमा बृहत्त रक्तदान तथा निःशुल्क आँखा परीक्षण शिविर सम्पन्न गरिएको हो ।

रक्त सञ्चार केन्द्र बुटवलको प्राविधिक सहयोग र नेपाल स्वयमसेवी रक्तदाता समाज देवदहको व्यवस्थापनमा भएको रक्तदान कार्यक्रममा ६१ पिन्ट रगत संकलन भएको सहकारीका अध्यक्ष तुल्सा मरासिनीले जानकारी दिए । यसैगरी खैरेनी आँखा उपचार केन्द्रको प्राविधिक सहयोग रहेको निःशुल्क आँखा परीक्षण शिविरमा ३७ जनाको आँखा परीक्षण गरिएको आयोजकले जनाएको छ । संस्थाको १८औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा जेष्ठ शेयर सदस्य तेजकुमारी शाही, विद्यार्थी देवु भट्टराईसँगै बाल बचत कर्ता, उत्कृष्ट बचत कर्ता, उत्कृष्ट शेयर सदस्य, नियमित बचत कर्ता, असल ऋणिलाई समेत सम्मान गरिएको थियो ।

सो अवसरमा बोल्ने वक्ताहरुले सहकारीले बचत र ऋणको मात्र काम नगरी शेयर सदस्य सदस्यहरुलाई उद्यमी बनाउने गरी कार्यक्रम अगाडि बढाउनु पर्नेमा जोड दिएका थिए । उनीहरुले शेयर सदस्यहरु उद्यमी बन्न सकेमात्र आर्थिक विकाससँगै आत्मनिर्भर हुनेमा जोड दिएका थिए । उनीहरुले सहकारीले सामाजिक उत्तरदायित्व अर्न्तगत स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम गरेको भन्दै प्रशंसा गरेका थिए ।

नवप्रभात महिला बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष तुल्सा मरासिनीको अध्यक्षतामा भएको कार्यक्रममा लुम्विनी प्रदेश बचत तथा ऋण सहकारी संघका सदस्य निर्मला अधिकारी, निरन्तर महिला साकोसका अध्यक्ष शर्मिला पन्थ, पानवारी बाख्रा पालन सहकारी संस्थाका शान्ता जैसी, नेपाल स्वयमसेवी रक्तदाता समाज देवदहका अध्यक्ष पवन पौडेललगायतले आ-आफ्ना भनाइ राखेका थिए ।

संस्थाका ऋण उपसमितिका संयोजक देवुमाया लामिछानेको स्वागत र सचिव शान्ता मोक्तानको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# आदिवासी जनजाति महासंघ रूपन्देहीको ८औं जिल्ला अधिवेशन सम्पन्न

बुटवल । नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद् रुपन्देहीको ८औं जिल्ला अधिवेशन बुटवलमा सम्पन्न भएको छ । अधिवेशनले आदिवासी जनजाति समुदायको हक, अधिकार, भाषा, संस्कृति, पहिचान तथा सामाजिक न्यायको संरक्षण र प्रवर्द्धनमा महासंघले खेलेको भूमिकाको समीक्षा गर्दै यसअघि वरिष्ठ उपाध्यक्ष रहेकी आशा तमुको अध्यक्षतामा नयाँ कार्य समिति चयन गरेको छ ।

अधिवेशनबाट उपाध्यक्षमा ईन्द्र राई, अरुणा श्रेष्ठ र नेत्रलाल थारु, सचिवमा मीन सारु मगर, कोषाध्यक्षमा कृष्णबहादुर छन्त्याल, तथा सहसचिवमा शम्भु मोक्तान, धर्मेन्द्र शेरचन र रामानन्द कुमाल चयन भएका छन् ।

नयाँ कार्य समितिलाई बधाई तथा शुभकामना व्यक्त गर्दै कार्यक्रमका प्रमुख अतिथि बुटवल उप-महानगरपालिकाका नगर प्रमुख खेलराज पाण्डेयले आदिवासी जनजाति समुदाय नेपालको मौलिक सभ्यता, संस्कृति र सामाजिक विविधताको महत्वपूर्ण आधार भएको बताए । आदिवासी जनजातिहरूले देशको सामाजिक, सांस्कृतिक तथा आर्थिक विकासमा पुऱ्याएको योगदान अतुलनीय रहेको उल्लेख गर्दै स्थानीय तहले समुदायको भाषा, कला, संस्कृति र पहिचान संरक्षणका लागि सहकार्यलाई प्राथमिकता दिएको नगर प्रमुख पाण्डेयले जनाए ।

समावेशी विकास, सामाजिक न्याय र समान अवसरको सुनिश्चितताका लागि आदिवासी जनजाति समुदायको सक्रिय सहभागिता आवश्यक रहेको कुरा उल्लेख गर्दै नगर प्रमुख पाण्डेयले शिक्षा, सीप विकास, युवा सशक्तीकरण तथा सांस्कृतिक संरक्षणमा महासंघले खेलेको भूमिका प्रशंसनीय रहेको धारणा व्यक्त गरे ।

विशिष्ट अतिथि नेपाल आदिवासी जनजाति महासंघ लुम्बिनी प्रदेश समन्वय परिषद्का अध्यक्ष जितबहादुर तरामु मगरले आदिवासी जनजाति समुदायको अधिकार स्थापित गर्न संगठनात्मक एकता अपरिहार्य रहेको बताए । संविधानले सुनिश्चित गरेका अधिकारहरूको प्रभावकारी कार्यान्वयनका लागि समुदाय अझ सशक्त रूपमा संगठित हुनुपर्नेमा जोड दिँदै अध्यक्ष तरामु मगरले भाषा, संस्कार, संस्कृति तथा परम्परागत ज्ञानको संरक्षणसँगै नयाँ पुस्तालाई नेतृत्व विकास र शिक्षामा जोड्नुपर्ने आवश्यकता औंल्याएका थिए ।

कार्यक्रममा महासंघका निवर्तमान अध्यक्ष तथा सल्लाहकार शंकर गाहा मगरले आदिवासी जनजाति समुदायको भाषा, संस्कृति, परम्परा र पहिचान राष्ट्रको अमूल्य सम्पत्ति भएको उल्लेख गर्दै यसको संरक्षण र प्रवर्द्धनका लागि राज्य, स्थानीय तह र समुदायबिच सहकार्य आवश्यक रहेको धारणा व्यक्त गरेका थिए ।

**मन्त्री...**

'बिजुलीका पोल सार्न लाग्ने खर्चको अब अन्तिम किस्ता मात्र बुझाउन बाँकी छ,' एक कर्मचारीले भने, 'विद्युत् प्राधिकरणबाट कागजपत्र आउनासाथ त्यो पनि भुक्तानी हुन्छ । तर पोल नसारिँदा काम गर्न गाह्रो भएको छ ।'

सडक अनुगमनपछि मन्त्री लम्सालले भनेका छन्-'यिनीहरुले चाँडैभन्दा चाँडै पोल सार्नु परो । यहाँको पब्लिकले धेरै दुःख पाए । त्यो भएर काम गराउनु परो राम्रोसँग । यो बिजुलीको पोलको भयो । अनि अर्को मेटेरियलको लागि पनि सहजीकरण गर्न सकिन्छ...' सार्वजनिक भएको भिडियोमा सुनिन्छ ।

आइतबार नै प्रधानमन्त्री बालेन शाहले 'देश बनाउने टोली' लेखेर पूर्वाधार विकास मन्त्री लम्साल र गृहमन्त्री सुधन गुरुङलाई दायाँ-बायाँ राखेको फोटो फेसबुकमा पोष्ट गरेका थिए ।

मन्त्री लम्सालले ठेकेदारको 'खुट्टा भाँच्ने' अभिव्यक्ति दिएपछि नेपाल प्रहरीका पूर्वआइजीपी चन्द्रकुवेर खापुङले 'कानुनबमोजिम नै त होला नि मन्त्री ज्यूको आदेश' भन्दै कटाक्ष गरेका छन् ।

पूर्वआइजीपी खापुङले खुट्टा भाँच्ने अभिव्यक्ति दिएपछि त्यसलाई व्यंग्य गर्दै कानुन सम्झाउन खोजेका छन् ।

**मन्त्रीको बोलीमा लगाम लगाऊ : विश्वप्रकाश**

नेपाली कांग्रेसका उप-सभापति विश्वप्रकाश शर्माले सरकारका मन्त्रीको बोलीमा लगाम लगाउन प्रधानमन्त्री बालेन्द्र शाहसँग आग्रह गरेका छन् ।

पूर्वाधार मन्त्री सुनिल लम्सालले निर्माण व्यवसायीको खुट्टा भाँचिदिनू भनि दिएको अभिव्यक्ति प्रति आपत्ति जनाउँदै शर्माले भने-'एकजना मन्त्रीजी सडकमा पुग्नु भएछ । र, भन्नु भएछ कि यो बाटो निर्माणमा ढिलो जो भइरहेको छ । निर्माण व्यवसायीलाई भेट्नुभो भने खुट्टा भाँचिदिनुस् ।' शर्माले सोमबार भिडियोमार्फत् प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका हुन् ।

कैलालीमा कर्मचारीहरुले एक श्रमिक महिलाको टेम्पोलाई भिरबाट खसालिदिएको घटना र सिरहामा परीक्षा हलमा भेटिएका ५०० भन्दा बढी मोबाइललाई पानीमा खन्याएर नष्ट गरेको घटना पनि शर्माले प्रधानमन्त्री शाहलाई सुनाएका छन् । 'प्रधानमन्त्रीज्यू समाज कता जाँदैछ ? यहाँलाई सोधौं लाग्छ । तर, यहाँले पनि चुनावकै बेलामा के भन्नु भएको थियो भने यदि बाटो निर्माण गर्न ढिलो भयो भने रुखमा बाँधेर समाधान गर्नुपर्छ ।'- शर्माले प्रधानमन्त्रीको बोली स्मरण गर्दै भने ।

कुनै चोरीमा चोरलाई सजाय दिनुको सट्टा दुइटै हात काटिएको घटना जस्तो मन्त्रीहरुको अभिव्यक्ति देखिएको शर्माले टिप्पणी गरेका छन् ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**भूमे नाचः**
दाङको घोराही उप-महानगरपालिका-१३, बडहरामा भूमे पर्वको पहिलो दिन सोमबार भूमे नाच प्रस्तुत गर्दै तकसेरा समाज सेवा समितिमा आबद्ध मगर समुदायका कलाकार। भूमे पर्व अठार मगराँत क्षेत्रमा बसोबास गर्ने मगर समुदायको प्रमुख सांस्कृतिक एवं परम्परागत पर्व हो। तस्विरः रासस

# प्रदेश प्रहरीद्वारा शान्ति पदयात्रा र जनचेतनामूलक कार्यक्रम




बुटवल । लुम्बिनी प्रदेश प्रहरी कार्यालयको आयोजनामा लुम्बिनीमा वृहत् शान्ति पदयात्रा तथा जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ।

लुम्बिनी प्रदेश प्रहरी कार्यालयको आयोजनामा आयोजित कार्यक्रममा नेपाल प्रहरीसहित सुरक्षा निकाय, उद्योगी व्यवसायीका संघसंस्था सामाजिक संघसंस्था,धार्मिक संघसंस्था, शैक्षिक संघसंस्थालगायतको उल्लेख्य उपस्थिति रहेको थियो । शान्ति पदयात्रामा लुम्बिनी विकास कोषका पदाधिकारी, कर्मचारी, नेपाल प्रहरी प्रमुख दानबहादुर कार्की, प्रदेश र जिल्ला प्रहरी प्रमुख हरूको उपस्थिति रहेको थियो।

शान्ति, सहिष्णुता, सामाजिक सद्भाव र सामूहिक जिम्मेवारीको सन्देश प्रवाह गर्ने उद्देश्यले शान्ति पद यात्रा गरिएको लुम्बिनी प्रदेश प्रहरी प्रमुख भुपेन्द्रबहादुर खत्रीले बताए । पदयात्रापछि आयोजित कार्यक्रममा सवारी दुर्घटना, लागुऔषध प्रयोगलगायतका समस्याबाट उत्पन्न पारिवारिक, सामाजिक,आर्थिक क्षतिबारे मन्तव्य र नाटकहरु प्रदर्शन गरिएको थियो। लुम्बिनी प्रदेश प्रहरी कार्यालयले यही जेठ ३० गतेदेखि असार १ गतेसम्म तीन दिने विशेष कार्यक्रम सञ्चालन गरेको खत्रीले बताए।

सार्वजनिक सुरक्षा, सामाजिक जिम्मेवारी र सचेतना अभिवृद्धि गर्ने उद्देश्यका साथ फरक फरक स्थानमा तीन वटा विशेष कार्यक्रम आयोजना गरिएको खत्रीले बताए।

शनिबार नै बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा सामुदायिक जनचेतना कार्यक्रमअन्तर्गत युवा पुस्ता, विद्यार्थी, अभिभावक र आम नागरिकसँग प्रत्यक्ष संवाद गरिएको छ । उक्त कार्यक्रममा बढ्दो साइबर अपराध, लागुऔषध दुर्व्यसन, सडक सुरक्षा, आत्महत्या न्यूनीकरण र डिजिटल सुरक्षा जस्ता समसामयिक विषयमा सचेतना जगाउने प्रयास गरिएको रुपन्देही प्रहरी प्रमुख जनकबहादुर शाहीले बताए। यसअघि जेठ ३० गते ह्याक फर सेफ्टी प्रतिस्पर्धामार्फत् प्रविधिमा रुचि राख्ने युवा, विद्यार्थी, सफ्टवेयर डेभलपर, इञ्जिनियर तथा नवप्रवर्तनकर्ताहरूलाई समेटेर अपराध नियन्त्रणमा सहकार्यका लागि कार्यक्रम गरिएको थियो। परम्परागत उपायले मात्र आधुनिक सुरक्षा चुनौतीको सामना गर्न नसकिने भन्दै प्रहरीले युवाहरूलाई प्रविधिका माध्यमबाट सार्वजनिक सुरक्षा, साइबर अपराध नियन्त्रण, अनुसन्धान सहयोग र प्रहरी सेवामा योगदान दिन आह्वान गरेको छ। शान्ति कायम राख्नु केवल प्रहरीको मात्र नभई सम्पूर्ण समाजको साझा दायित्व हो भन्ने सन्देश दिनु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको प्रदेश प्रहरी प्रमुख खत्रीले बताए। प्रदेश प्रहरी प्रमुख खत्रीका अनुसार अनुसार यी तीन वटै कार्यक्रमहरू प्रकृति र स्थानका हिसाबले फरक देखिए पनि यिनको साझा उद्देश्य सुरक्षित, सचेत, जिम्मेवार र प्रविधिमैत्री समाजको निर्माण गर्नु रहेको छ।

प्रविधि, शान्ति, सामाजिक सद्भाव र नागरिक संवादलाई जोड्दै सार्वजनिक सुरक्षा र सामाजिक उत्तरदायित्वलाई नयाँ ढङ्गले प्रस्तुत गर्ने कार्यक्रम रहेको छ। लुम्बिनी सांस्कृतिक नगरपालिका-१० स्थित लुम्बिनी विकास कोष परिसरमा आत्महत्या, लागुऔषध दुर्व्यसन र सडक दुर्घटना न्यूनीकरणबारे जनचेतना फैलाउने उद्देश्यले कार्यक्रम गरिएको हो । कार्यक्रमलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक कार्कीले सामाजिक समस्याहरू समाधान गर्न प्रहरी मात्र नभई सबै पक्षको सहकार्य आवश्यक रहेको बताए। त्यस अवसरमा उत्कृष्ट योगदान दिने व्यक्तिहरूलाई प्रशंसापत्र प्रदान गरिएको थियो।

लुम्बिनी प्रदेश प्रहरीले जेठ ३० देखि असार १ सम्म तीन दिने विशेष कार्यक्रम सञ्चालन गरिरहेको छ, जसअन्तर्गत शान्ति पदयात्रा, प्रविधिमैत्री सुरक्षा कार्यक्रम र समुदाय सचेतना कार्यक्रम समावेश छन्।

# अर्थमन्त्री वाग्लेले राजीनामा दिनुपर्ने विपक्षीको माग

बुटवल । राष्ट्रियसभामा एमाले संसदीय दलका नेता प्रेमप्रसाद दंगालले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले पदबाट राजीनामा दिनुपर्ने माग गरेका छन्।

संसदमा आर्थिक विधेयक र आय, व्ययको अनुमान समेत प्रस्तुत भइसकेपछि करको दर हेरफेर गर्ने अपराध गरेकाले अर्थमन्त्री वाग्लेले पदबाट राजीनामा दिनुपर्ने उनको तर्क थियो। सोमबार प्रतिनिधिसभा बैठकमा सरकारको आगामी आर्थिक वर्षको बजेटमाथिको छलफलमा भाग लिँदै नेता दंगालले संसदीय छानबिन समिति गठनगरी अर्थमन्त्रीमाथि छानबिन गरी कारबाही गर्नुपर्ने पनि बताए।

नेता दंगालले भने-'संसदमा राजस्व र व्ययको अनुमान र आर्थिक विधेयक प्रश्तुत भइसकेपछि करका दरहरु हेरफेर गरियो । यो घटनाको सत्यतथ्य तत्काल छानबिन गर्न जरुरी छ। र, दोषउपर कडा कारबाही गर्न जरुरी छ। यत्रो घटना नेतृत्वको संलग्नता बेगर सम्भव नै छैन । त्यसो हुनाले अर्थमन्त्रीले तत्काल राजीनामा दिनुपर्दछ । संसदीय छानविन समिति गठन गर्नुपर्दछ ।' उनले सरकारले ल्याएको बजेटले समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने लक्ष्य नलिएको भन्दै असन्तुष्टि व्यक्त गरे। नेता दंगालले सरकारले बजेटमा राखेका राम्रा प्रावधानहरू पनि कार्यान्वयन हुनेमा शंका व्यक्त गरे।

यस्तै नेपाली कम्युनिस्ट पार्टी (नेकपा) राष्ट्रिय सभाकी सांसद उर्मिला अर्यालले सरकारले ल्याएको आगामी आर्थिक वर्षको बजेट पुनर्लेखन गर्नुपर्ने बताएकी छन् । सोमबार राष्ट्रियसभा बैठकमा बोल्दै उनले बजेट पुनर्लेखन गर्न सरकारसँग माग गरेकी हुन्।

सांसद अर्यालले सामाजिक न्यायको दृष्टिकोणले बजेट प्रतिगामी रहेको जिकिर समेत गरिन् । उनले सरकारले ल्याएको कर प्रणाली पनि उचित नभएको जिकिर गरिन् । सांसद अर्यालले बजेटमा गरिब वर्गका लागि कुनै ठोस योजना ल्याउन नसकेको पनि बताइन्। उनले भनिन्-'सरकारले आफनो कर प्रस्तावमा आम्दानीमा आधारित प्रणालीको सट्टा उपभोगमा आधारित प्रणालीमा जोड दिएको छ। यो बजेट स्वभाविक रूपमा प्रतिगामी छ। करका संरचनाहरूबारे नेकपाका माननीय डा. पर्शुराम तामाङ र माननीय वर्षमान पुनले प्रतिनिधिसभामा विस्तृत रुपमा राखिसक्नु भएको हुनाले उहाँहरूको धारणाप्रति समर्थन जनाउँदछु । अर्कोतर्फ सार्वजनिक कम्पनीहरूले सरकारलाई बुझाउने लाभांशमा राजस्व फिर्तामा जोड दिनुपर्दछ । गरिब र निमुखामुखि बजेट हुनुपर्दछ । यो बजेट पुनर्लेखन हुने सर्तसहित समर्थन गर्दछु।'

सांसद अर्यालले सरकारले उत्पादनको क्षेत्रमा कुनै ठोस योजना ल्याउन नसकेको समेत बताइन्।

# लुम्बिनीको बजेटले उत्साह जगाएन : चेम्बर




दाङ । लुम्बिनी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ३७ अर्ब ३८ करोड ४५ लाख रुपैयाँको बजेट सार्वजनिक गरेपछि चेम्बर अफ कमर्स लुम्बिनीले बजेटप्रति मिश्रित प्रतिक्रिया जनाएको छ । 'समृद्ध लुम्बिनी, खुसी नागरिक' अभियानलाई निरन्तरता दिने गरी ल्याइएको बजेटले केही सकारात्मक संकेत दिए पनि अपेक्षित नयाँपन र उत्साह जगाउने खालको नदेखिएको चेम्बरले जनाएको छ। चेम्बर अफ कमर्स लुम्बिनीका अध्यक्ष टंक पोखरेलले बजेटमा पूर्वाधार, सामाजिक विकास, कृषि, स्वास्थ्य र डिजिटल लुम्बिनी जस्ता क्षेत्रलाई प्राथमिकतामा राखिएको भए पनि अधिकांश कार्यक्रमहरू विगतकै बजेटको निरन्तरता जस्तै देखिएको टिप्पणी गरे।

उनका अनुसार यस पटकको बजेटले नयाँ सोंच र रूपान्तरणकारी दृष्टिकोणभन्दा पनि पुरानै योजनालाई निरन्तरता दिने प्रवृत्ति दोहोरिएको देखिन्छ। "उत्कृष्ट बजेट भन्न सकिने अवस्था देखिएन । केही सकारात्मक प्रयास भए पनि समग्र रूपमा बजेटले अपेक्षित उत्साह सिर्जना गर्न सकेको छैन।"- उनले भने।

पोखरेलले बजेटमा उद्योग, लगानी प्रवर्द्धन र समावेशी आर्थिक विकासका विषय उल्लेख भए पनि निजी क्षेत्रलाई व्यवहारिक रूपमा आकर्षित गर्ने ठोस कार्यक्रम र स्पष्ट कार्यान्वयन योजना नदेखिएको बताए । उद्यम विकास कोष, स्टार्टअप कार्यक्रम तथा उद्योगमा दिइने छुट जस्ता व्यवस्था सकारात्मक भए पनि तिनको कार्यान्वयन पक्ष अझै अस्पष्ट रहेको उनको भनाइ छ। उनले प्रदेश सरकारले संघीय संरचनाको सुदृढीकरण, वित्तीय सुशासन र आर्थिक समृद्धिलाई प्राथमिकतामा राख्नु सकारात्मक भए पनि योजनाहरू परम्परागत ढाँचामा सीमित देखिएको टिप्पणी गरेका छन्।

# भारतको अवरोधपछि नेपालका १६ चिया उद्योगको उत्पादन बन्द हुँदै

बुटवल । उद्योगीहरूको संस्था 'टी एलायन्स अफ नेपाल' मा आबद्ध १६ उद्योगले असार ४ गतेदेखि चिया प्रशोधन तथा उत्पादन कार्य बन्द गर्ने भएका छन्।

भारतीय बजारमा हाल लागु गरिएको नयाँ परीक्षण तथा गुणस्तर प्रमाणीकरण व्यवस्थाले नेपाली चियाको निर्यातमा अवरोध सिर्जना गरेको उद्योगीहरुले विज्ञप्तिमार्फत् जानकारी गराएका छन् । उद्योगहरूमा उत्पादित चिया थन्किने क्रम बढेको, दोहोरो परीक्षणले लागत उच्च बढेको, भण्डारणको समस्याले उद्योगी र किसानलाई असर पुगेको संस्थाका उपाध्यक्ष जीवन न्यौपानेले जानकारी गराए।

न्यौपानेका अनुसार निर्यात प्रक्रिया जटिल बन्दा बिक्री प्रभावित भएको छ, भने उत्पादन जारी राख्न आवश्यक पुँजी व्यवस्थापन गर्न समेत कठिन भइरहेको छ। चिया उद्योगहरूमा तयार चिया मौज्दात बढ्दै जाँदा किसानबाट हरियो पत्ती खरिद गर्ने क्षमता घट्दै गएको भन्दै उद्योगीहरूले चिन्ता व्यक्त गरेका छन्।

उद्योग सञ्चालनमा आएको दबाबका कारण किसानको उत्पादन, श्रमिकको रोजगारी र ग्रामीण अर्थतन्त्र नै प्रभावित हुने जोखिम बढेको संस्थाको भनाइ छ। चिया उत्पादकहरूको संस्था टानले गुणस्तर परीक्षण र खाद्य सुरक्षालाई समर्थन गरे पनि व्यापारिक गतिविधिलाई अवरुद्ध गर्नेगरि लागु गरिएका प्रक्रियाहरू पुनरावलोकन हुनुपर्ने धारणा राखेको छ । संस्थाले सरकारलाई कूटनीतिक पहलमार्फत् समस्याको समाधान खोज्न तथा नेपाली चियाका लागि नयाँ र दिगो अन्तर्राष्ट्रिय बजार विस्तारमा विशेष ध्यान दिन आग्रह गरेको छ।

# रूपन्देही उद्योग संघमा अध्यक्षीय परिषद् गठन

बुटवल । रूपन्देही उद्योग संघमा नयाँ कार्यसमिति गठनसँगै संस्थागत संरचनालाई थप सुदृढ र व्यवस्थित बनाउने कार्य जारी छ । सोही क्रममा सोमबार पूर्व अध्यक्षहरूको भेलाले पूर्व अध्यक्ष तेजकुमार पाठकको संयोजकत्वमा "अध्यक्षीय परिषद् २०८२-२०८४" गठन गरेको छ।

संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीको अध्यक्षतामा सम्पन्न भेलाले संघको दीर्घकालीन मार्गदर्शन र संस्थागत सुदृढीकरणका लागि परिषद् गठन गरेको हो।

भेलामा बोल्दै संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले बदलिँदो आर्थिक तथा औद्योगिक परिस्थितिअनुसार संघका गतिविधि र कार्यक्रमहरूलाई समयानुकूल परिमार्जन गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याए। उनले हालको कार्यसमितिले करिब ६ महिनामा सम्पन्न गरेका महत्वपूर्ण कार्यक्रमहरूको समेत जानकारी गराए।

नवगठित अध्यक्षीय परिषद् सदस्यहरुमा संस्थापक अध्यक्ष रणबहादुर शाह, पूर्व अध्यक्षहरू पी.एल. श्रेष्ठ, वेनुराम प्रधान, श्यामबहादुर पाठक, महेन्द्रनारायण श्रेष्ठ, एजाज आलम, वोनिन पिया, दिनेशराज रेग्मी, गणेशप्रसाद अधिकारी, बाबुराम बोहोरा, माधवप्रसाद पौडेल तथा निवर्तमान अध्यक्ष दिलीप सापकोटा रहेका छन्। साथै संघका वर्तमान अध्यक्ष कृष्ण प्रसाद पराजुली परिषद्को सदस्य-सचिव रहने व्यवस्था गरिएको छ।

नवगठित परिषद्का संयोजक तेजकुमार पाठकले संघका सम्पूर्ण गतिविधि, विद्यमान समस्या तथा चुनौतीहरूलाई समाधान गर्न पूर्व अध्यक्षहरूको साझा भूमिकामार्फत् एकताबद्ध, समन्वयात्मक र सशक्त रूपमा अघि बढ्ने दृढ प्रतिबद्धता व्यक्त गरे । उनले संघको समग्र विकास, उद्योगी-व्यवसायीहरूको हित संरक्षण तथा संस्थागत सुदृढीकरणका लागि परिषद् निरन्तर सक्रिय, जिम्मेवार र परिणाममुखी भूमिकामा रहने बताए।

भेलामा सहभागी पूर्व अध्यक्षहरूले पनि संघको ऐतिहासिक गौरव र उद्देश्यलाई आत्मसात गर्दै समसामयिक चुनौतीहरूको सामना गर्न एकता आवश्यक रहेकोमा जोड दिए। पूर्व अध्यक्ष पी.एल. श्रेष्ठले संघको स्थापना उद्देश्यअनुसार गतिविधि अघि बढाउन सुझाव दिए।

महेन्द्रनारायण श्रेष्ठले संस्थाको गरिमा कायम राख्न पूर्व अध्यक्ष र वर्तमान कार्यसमितिको सहकार्य अपरिहार्य रहेको बताए भने दिनेशराज रेग्मीले उद्योग क्षेत्रले भोगिरहेको निराशाजनक अवस्थालाई मिलेर सामना गर्नुपर्ने धारणा राखेका थिए।

पूर्व अध्यक्ष बोनिन पियाले संघको गौरवपूर्ण इतिहास संरक्षण गर्दै उद्योगीहरूको वर्तमान आवश्यकता र अपेक्षालाई सम्बोधन गर्न नेतृत्वले अझ सक्रिय भूमिका खेल्नुपर्ने सुझाव दिएका थिए।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही



विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं
- वर्षाको समयमा बाढी पहिरो तथा चट्याङ्गको जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदी किनारा वा भिरालो जमिनमा बसोबास भएकाहरु विशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं, प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं।
नेपाल सरकार विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com